www.lawcommission.gov.np

# रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०

लालमोहर र प्रकाशन मिति

२०२०।४।३२

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. रकम र सरकारी ठेक्का बन्दोवस्त (पहिलो संशोधन) ऐन, २०२५ | २०२५।५।२७ |
| २. अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ | २०४७।८।२७ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६ ◆ | २०६६।१०।७ |
| ४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०२० सालको ऐन नं. ७

2……………..

रकम बन्दोबस्त, रकम तहसिल र सरकारी ठेक्का सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना:सर्वसाधारण जनताको आर्थिक हितका लागि रकम बन्दोबस्त, रकम तहसिल र सरकारी ठेक्का सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यस ऐनको नाम "रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०" रहेको छ ।

(२) यो ऐन नेपाल भर मुलुक लागू हुनेछ ।

(३) यो ऐन२०२० साल भाद्र १ गते देखि प्रारम्भ हुनेछ ।

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

२. परिभाषा:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "रकम" भन्नाले दफा ३ बमोजिम नेपाल सरकारबाट ठेक्का बन्दोबस्त भएको वा हुने काम कुरालाई सम्झनु पर्छ ।

(ख) "ठेक्का" भन्नाले यो ऐन र अन्य प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारका तर्फबाट दिइने ठेक्कालाई सम्झनु पर्छ ।

(ग) "टेण्डर" भन्नाले आफ्नो शर्तहरु स्पष्टरुपमा खुलाई सो शर्तहरुमा ठेक्का लिन कबुल गरी लाहाछाप मारी ठेक्का लिन कबुल गर्ने व्यक्तिले पठाएको दरखास्तलाई सम्झनु पर्छ ।

(घ) "बढाबढ वा घटाघट" भन्नाले यस ऐन बमोजिम ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डाँक बोलाई गरिएको बढाबढ वा घटाघट सम्झनु पर्छ ।

(ङ) "डाँक" भन्नाले बढाबढ वा घटाघट हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्काका सम्बन्धमा कबुल गरेको नगदी वा जिन्सीका अङ्कलाई सम्झनु पर्छ ।

(च) "चलन पूर्जी" भन्नाले पट्टा पाउनु भन्दा अगावै ठेक्का शर्त बमोजिम रकम चलन गर्न वा काम सुरु गर्न अधिकार प्रदान गरी दिइने इजाजतपत्रलाई सम्झनु पर्छ ।

(छ) "कबुलियत" भन्नाले यो ऐन र अन्य प्रचलित नेपाल कानूनका अधीनमा रही नेपाल सरकार र ठेकेदारका बीचमा भएको शर्त बमोजिम ठेक्का लिन कबुल गर्दै सो शर्तहरु खुलाई ठेकेदारले लेखी दिएको मञ्जुरीको लिखतलाई सम्झनु पर्छ ।

(ज) "पट्टा" भन्नाले यो ऐन र अन्य प्रचलित नेपाल कानूनका अधीनमा रही नेपाल सरकार र ठेकेदारको बीचमा भएको शर्त बमोजिम ठेक्काको काम गर्न नेपाल सरकारले सो शर्तहरु खुलाई ठेकेदारलाई दिएको इजाजतपत्रलाई सम्झनु पर्छ ।

Π(झ) "नेपाली नागरिक" भन्नाले सबै वा अधिकांश शेयर नेपाली नागरिकहरुको भएको कुनै सङ्गठित संस्था, फर्म र नेपाल सरकारको स्वामित्व भएको सङ्गठित संस्थालाई समेत सम्झनु पर्छ ।

Π(ञ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. रकम बन्दोबस्त गर्ने नेपाल सरकारको अधिकार:(१) नेपाल भर मुलुक वा कुनै खास क्षेत्रभित्र कुनै खास चीज वस्तुको एक हट्टी गरी सङ्ग्रह गर्न, उत्पादन गर्न वा बिक्री वितरण गर्न वा सङ्ग्रह उत्पादन वा बिक्री

Π पहिलो संशोधनद्वारा खण्ड (झ) लाई खण्ड (ञ) गराई खण्ड (झ) थपिएको ।

वितरण समेत सबै वा सो मध्ये केही काम गर्न वा कुनै काम कुराका सम्बन्धमा नेपाल सरकारद्वारा निर्धारित दस्तुर असुल गर्न एकाधिकार प्रदान गर्ने गरी नेपाल सरकारले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत बन्दोबस्त गरिएको ठेक्काबाट ठेकेदारलाई प्राप्त भएको हक वा सुविधामा प्रतिकुल प्रभावपर्ने गरी कसैले कुनै काम गर्न वा गराउन हुँदैन ।

(३) नेपाल सरकार बाहेक अरु कसैले कुनै रकमको ठेक्का बन्दोबस्त गर्न गराउन हुँदैन ।

४. टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउनेः नेपाल सरकारले कुनै रकम वा कुनै अन्य कामको ठेक्का बन्दोबस्त गर्नु परेमा टेण्डर आमन्त्रित गरी वा बढाबढ वा घटाघट गराई बन्दोबस्त गर्नु पर्छ ।

५. सूचना प्रकाशित गर्नेः(१) नेपाल सरकारले कुनै रकम वा कुनै अन्य कामको ठेक्का बन्दोबस्त गर्नु परेमा देहायका कुराहरु खुलाई ठेक्का सुरु हुने मितिले कम्तीमा तीन महिना अगावै स्थानीय पत्रपत्रिकामा र ठाउँठाउँमा टाँस गरी सूचना प्रकाशित गर्नु पर्छः–

(क) साबिकमा ठेक लागि आएको भए कति रुपैयाँवा के शर्तमा ठेक लागेको हो सो कुरा, र

(ख) अब जुन शर्तहरुमा ठेक्का दिइने हो सो शर्तहरु ।

(२) ठेक्का बन्दोबस्त गर्नका लागि टेण्डर आमन्त्रित गरिएकोमा उपदफा (१) अन्तर्गतको सूचनामा सो उपदफाहरुमा लेखिएका कुराहरुका अतिरिक्त देहायका कुराहरु समेत खुलाउनु पर्छः–

(क) टेण्डर पठाउने तरिका,

(ख) टेण्डर पठाउनुपर्ने अड्डा, कार्यालय वा अधिकारी,

(ग) टेण्डर बापत चाहिने दस्तुर,

(घ) टेण्डर दाखिल हुनुपर्ने समय र मिति, र

(ङ) टेण्डर खोलिने समय, मिति र स्थान ।

(३) ठेक्का बन्दोबस्त गर्नका लागि बढाबढ वा घटाघट गराइने भएकोमा उपदफा (१) अन्तर्गतको सूचनामा सो उपदफामा लेखिएको कुराहरुका अतिरिक्त देहायका कुराहरु समेत खुलाउनु पर्छः–

(क) बढाबढ वा घटाघट हुने अड्डा, कार्यालय वा अन्य कुनै स्थान,

(ख) बढाबढ वा घटाघट हुने समय र मिति, र

(ग) अन्य आवश्यक कुराहरु ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपर्झटमा कुनै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएमा वा एक पटक सूचना प्रकाशित गरी टेण्डर दाखिल वा बढाबढ वा घटाघट भैसके तापनि नेपाल सरकारले पुनः टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउन आवश्यक देखेमा वा बीचमा टुटेको कुनै ठेक्कालाई फेरि बन्दोबस्त गर्नुपर्ने भएमा कम्तीमा सात दिनको म्याद दिई सूचना प्रकाशित गर्न सकिनेछ ।

६. डिपोजिट राख्नेः(१) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिम टेण्डर दिने वा बढाबढ वा घटाघट *डाँक बोल्ने व्यक्ति नेपाली नागरिक भए, आफूले कबुल गरेको रुपैयाँको अङ्कको सयकडा पाँच र गैर नेपाली नागरिक भए, आफूले कबुल गरेको रुपैयाँको अङ्कको सयकडा दश त्यस्तो सूचना प्रकाशित गर्ने अड्डा, कार्यालय वा अधिकारीको नाममा तोकिए बमोजिम आफ्नो नगिचको सरकारी माल वा भन्सार अड्डा वा बैंक डिपोजिट राखी त्यसको सक्कल रसिद ड्राफ्ट वा नोट टेण्डर दिएकोमा सोहीभित्र खामी पठाउनु र डाँक बोलेकोमा डाँक बोलाउने अड्डा, कार्यालय वा अधिकारी कहाँदाखिल गर्नु पर्छ ।

(२) दफा १३ वा अन्य प्रचलित नेपाल कानून बमोजिम डिपोजिट जफत हुने अवस्थामा बाहेक उपदफा (१) बमोजिम राखिएको डिपोजिट सो डिपोजिट राख्ने व्यक्तिले दिएको टेण्डर वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गरी दिनु पर्छ ।

(३) कुनै मनासिब कारणले बाहेक उपदफा (२) मा लेखिएको म्यादभित्र कसैको डिपोजिट फिर्ता नदिएकोमा सो म्याद पछि सो डिपोजिटको अङ्कको सयकडा दशका दरले वार्षिक सुद समेत सो डिपोजिट राख्ने व्यक्तिले दाबी गरी लिन पाउँछ ।

७. टेण्डर सम्बन्धी कारबाहीः(१) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिमको रीत नपुगेको वा त्यस्तो सूचनामा तोकिदिएको समय वा मितिभित्र सोही सूचनामा तोकिदिएको अड्डा, कार्यालय वा अधिकारी कहाँदाखिल नभएको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने अवस्थाको कुनै टेण्डर उपर ठेक्का दिने कुराको सम्बन्धमा बिचार वा कारबाही गरिने छैन ।

(२) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिम टेण्डर दाखिल भैसकेपछि सम्बन्धित कर्मचारी र टेण्डरवाला वा निजको वारिसको रोहबरमा त्यस्तो सूचनामा तोकिदिएको समय, मिति र स्थानमा टेण्डर खोल्नु पर्छ ।

तर सो समय वा स्थानमा टेण्डरवाला वा निजको वारिस हाजिर नभएमा तोकिए बमोजिमको कारबाही गरी टेण्डर खोल्न यस उपदफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

८. <u>बढाबढ वा घटाघटको मान्यता नदिनेः</u>दफा ५ अन्तर्गत प्रकाशित सूचनामा बढाबढ वा घटाघटको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा सो कामको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनिडाँक उपर ठेक्का दिने कुराका सम्बन्धमा विचार वा कारबाही गरिने छैन।

९. <u>ठेक्का दिने वा नदिने नेपाल सरकारको अधिकार:</u>(१) दफा ५ अन्तर्गत प्रकाशित सूचना बमोजिम दाखिल भएको कुनै वा सबै टेण्डर वा बोलेको कुनै वा सबै डाँक नेपाल सरकारले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

तर कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा–

(क) सो रकम बापतको रुपैयाँगनी महसुलको रुपमा बुझाउन कबुल गर्नेले गनी किस्तामा कबुल गर्ने भन्दा सयकडा डेढ र किस्ताबन्दीमा कबुल गर्ने भन्दा सयकडा तीनसम्म कम कबुल गरेको रहेछ भने पनि सो गनी महसुलमा लिन कबुल गर्ने टेण्डर वा डाँकलाई यस उपदफा बमोजिम टेण्डर वा डाँक स्वीकृत गर्दा प्राथमिकता दिइनेछ ।

(ख) खण्ड (क) मा लेखिएको अवस्थामा बाहेक गनी किस्ताको रुपमा सो रुपैयाँबुझाउन कबुल गर्नेले किस्ताबन्दीको रुपमा बुझाउन कबुल गर्ने भन्दा सयकडा डेढसम्म कम कबुल गरेको रहेछ भने पनि सो किस्ताबन्दीमा कबुल गर्ने भन्दा गनी किस्तामा कबुल गर्नेलाई यस उपदफा बमोजिम टेण्डर वा डाँक स्वीकृत गर्दा प्राथमिकता दिइनेछ ।

📖(१क) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै ठेक्काका सम्बन्धमा कुनै नेपाली नागरिकले गनी महसुल, गनी किस्ता वा किस्ताबन्दीमध्ये जुनसुकै रुपबाट ठेक्का बापतको रुपैयाँबुझाउने कबुल गरेको भएपनि, निजले बुझाउन कबुल गरेको रुपैयाँकै बराबर वा सो भन्दा कम अङ्कमा सो ठेक्का कबुल गर्ने गैर नेपाली नागरिकलाई सो प्रतिबन्धात्मक वाक्यांशहरुमा लेखिए बमोजिमको प्राथमिकता दिइने छैन ।

(२) उपदफा (१) बमोजिम सबै टेण्डर वा डाँक अस्वीकृत गरिएकोमा नेपाल सरकारले फेरि टेण्डर आमन्त्रित गरी वा बढाबढ वा घटाघट गराई ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले मनासिब ठहऱ्याएमा अघि टेण्डर दिने वा डाँक बोल्नेहरुको टेण्डर वा डाँक कायमै राखी पुनः टेण्डर आमन्त्रित गर्न वा बढाबढ वा घटाघट गराउन पनि सक्नेछ र सो बमोजिम अर्को पटक दाखिल भएको टेण्डर वा बोलेको

📖 पहिलो संशोधनद्वारा थप ।

डाँक र अघिल्लो टेण्डर वा डाँकको बिचार गरी अघिल्लो वा पछिल्लो कुनै टेण्डरवाला वा डाँक बोल्ने व्यक्तिसित ठेक्का बन्दोबस्त गर्न सक्नेछ । तर त्यसरी फेरि टेण्डर आमन्त्रित गर्ने वा बढाबढ वा घटाघट गराउने निर्णय गरिएकोमा अघि टेण्डर दाखिल गर्ने वा डाँक बोल्ने कुनै व्यक्तिलाई चित्त नबुझे आफ्नो टेण्डर वा डाँक खारेज होस् भनी दरखास्त दिन आउनु भनी बाटामा लाग्ने समयको समेत अन्जाम गरी मनासिब म्याद तोकी सूचना जारी गर्नु पर्छ र सो म्याद वा टेण्डर दाखिल गर्न वा बढाबढ वा घटाघट गराउन अर्को पटक निर्धारित गरिएको दिनसम्मको म्यादमध्ये जुन म्याद बढी दिनको हुन्छ सो म्यादभित्र कसैको त्यस्तो दरखास्त परेमा निजको टेण्डर वा डाँक खारेज गरी दिनु पर्छ र सो बमोजिम भएकोमा त्यस्तो टेण्डर वा डाँक अस्वीकृत भए सरह डिपोजिट फिर्ता गर्नु पर्छ । सो म्यादभित्र त्यस्तो दरखास्त नदिने टेण्डरवाला वा डाँक बोल्ने व्यक्तिले आफ्नो टेण्डर वा डाँकको अङ्क पछिल्लो पटकको लागि पनि कायमै राख्न मन्जुर गरेको मानिनेछ ।

१०. ठेक्का सम्बन्धी अयोग्यता:देहायमा लेखिएका कुनै व्यक्तिलाई सरकारी रकम वा अन्य कुनै कामको ठेक्का दिन र त्यस्तो व्यक्तिले ठेक्का लिन समेत हुँदैनः–

(क) चोरी, डाँका, रहजनी, जबरजस्ती चोरी, नकबजनी, ठगी, किर्ते, जालसाजी वा ज्यान सम्बन्धी अपराधको अभियोगमा कसूरबन्द ठहरी सजाय पाएका, वा

(ख) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेका, वा

(ग) सरकारी बाँकी लागी तिर्न नसक्ने भएका ।

११. ठेक्काको अवधि र किस्ता कायम गर्ने:(१) यस ऐन बमोजिम कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा तीन वर्षको अवधिको लागि गरिने छ ।

तर आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक देखिएमा नेपाल सरकारले सो भन्दा कम वा बढी जतिसुकै अवधिका लागि पनि त्यस्तो ठेक्का बन्दोबस्त गर्न यस उपदफामा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

(२) यस ऐन बमोजिम कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा ठेकेदारले बुझाउन कबुल गरेको ठेकको रुपैयाँगनी महसुल, गनी किस्ता वा किस्ताबन्दीमध्ये कुनै एक किसिमबाट बुझाउनुपर्ने शर्त राखिने छ ।

तर आर्थिक लाभ वा राष्ट्रिय हितको दृष्टिकोणबाट उचित देखिएमा ठेकको रुपैयाँबुझाउने तरिकाबारे नेपाल सरकारले त्यस्तो शर्तको सट्टा अन्य कुनै शर्त तोक्न यस उपदफामा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

(३) रकम बाहेक अन्य कुनै सरकारी कामको ठेक्का बन्दोबस्त गर्दा ठेकको अवधि र रुपैयाँको भुक्तानी बारे नेपाल सरकार र ठेकेदारका बीचमा भएको शर्त बमोजिम हुनेछ ।

*१२. गनी महसुल, गनी किस्ता र किस्ताबन्दीको रुपैयाँबुझाउने तरिका:(१) ठेक्काको शर्त बमोजिम ठेकेदारले नेपाल सरकारलाई बुझाउनुपर्ने रुपैयाँगनी महसुल, गनी किस्ता वा किस्ताबन्दीमा बुझाउन कबुल गरेको भए, जति बर्षको लागि निजले सो ठेक्का पाएको हो, त्यति वर्षको दामासाहीले प्रत्येक वर्षको निमित्त बराबरपर्ने गरी सो बुझाउनुपर्ने रुपैयाँलाई किस्तामा बाँडी वार्षिक किस्ता कायम गरी उपदफा (२) र (३) मा लेखिए बमोजिम बुझाउनु पर्छ । ठेकेदारले सो उपदफाहरु बमोजिम बुझाउनुपर्ने पहिलो किस्ता नबुझाएसम्म रकम चलन गर्न पाइने छैन ।

(२) ठेकेदारले ठेक्का बापतको रुपैयाँगनी महसुलको रुपमा बुझाउने कबुल गरेको रहेछ भने उपदफा (१) बमोजिम कायम हुन आउने पहिलो वर्षको वार्षिक किस्ता निजको टेण्डर वा डाँक स्वीकृत भएको जनाउ निजले पाएका मितिले सात दिनभित्र र त्यसपछिको प्रत्येक वर्षको वार्षिक किस्ता सो वर्ष सुरु हुनुभन्दा कम्तीमा एक महिना अगावै बुझाउनु पर्छ ।

(३) ठेकेदारले ठेक्का बापतको रुपैयाँगनी किस्ता वा किस्ताबन्दीको रुपमा बुझाउन कबुल गरेको रहेछ भने उपदफा (१) बमोजिम प्रत्येक वर्षको वार्षिक किस्ता बापत हुने रुपैयाँलाई ठेकेदार नेपाली नागरिक भएचार र गैर नेपाली नागरिक भएतीन बराबर किस्तामा पुनः विभाजित गरी पहिला वर्षको पहिलो किस्ता निजको टेण्डर वा डाँक स्वीकृत भएको जनाउ निजले पाएको मितिले सात दिनभित्र र त्यसपछिको प्रत्येक किस्ता देहायको म्यादभित्र बुझाउनु पर्छः–

(क) ठेक्का बापतको रुपैयाँगनी किस्ताको रुपमा बुझाउने कबुल भएकोमा पहिलो वर्षको दोस्रो किस्ता र त्यसपछिको प्रत्येक किस्ता सो किस्ताको अवधि प्रारम्भ हुनुभन्दा कम्तीमा एक महिना अगावै, र

(ख) ठेक्का बापतको रुपैयाँकिस्ताबन्दीको रुपमा बुझाउने कबुल भएकोमाः–

(१) ठेकेदार नेपाली नागरिक भए, पहिलो वर्षको दोस्रो किस्ता पहिलो किस्ता बुझाएको मितिले पाँच महिनाभित्र र त्यसपछिको अन्य किस्ता अघिल्लो किस्ता बुझाएको मितिले तीन महिनाभित्र ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) ठेकेदार गैर नेपाली नागरिक भए पहिलो वर्षको दोस्रो किस्ता पहिलो किस्ता बुझाएको सात महिनाभित्र र त्यस पछिका अन्य किस्ता अघिल्लो किस्ता बुझाएको मितिले चार महिनाभित्र ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो किस्ता र ठेक्का भुक्तान हुने अन्तिम किस्ता बाहेक अरु कुनै किस्ताको रुपैयाँठेकेदारले सो उपदफाहरुमा लेखिएको म्यादभित्र दाखिल गर्न नसकी थप म्यादको माग गरेमा सो ठेक्का बन्दोबस्त गर्ने अधिकारी वा तोकिएको अधिकारीले बढीमा एक महिनासम्मको र नेपाल सरकारले बढीमा दुई महिनासम्मको म्याद थप दिन सक्नेछ र त्यसरी म्याद थप भएकोमा वार्षिक सयकडा दशका दरले सो थप भएको अवधिको सुद समेत लगाई ठेकेदारले सो किस्ता बुझाउनु पर्छ ।

(५) उपदफा (४) बमोजिम ठेकेदारलाई म्याद थप भएकोमा दफा १४ को उपदफा (१) बमोजिम जमानत लिएकोमा बाहेक जुन किस्ताका सम्बन्धमा म्याद थप भएको हो सो किस्ता र त्यस सम्बन्धमा सो उपदफा बमोजिमको सुद बापत ठेकेदारबाट धन जमानी लिइनेछ । त्यस्तो धन जमानी ठेकेदारले म्याद थप पाएको मितिले सात दिनभित्र ठेक्का बन्दोबस्त गर्ने अधिकारी वा तोकिएको अन्य कुनै अधिकारी छेउ दाखिल गर्नु पर्दछ ।

📖१२क. <u>ठेक्का तोड्ने:</u>दफा १२ को उपदफा (४) बमोजिम थप म्याद दिएकोमा सो थप म्यादभित्र र त्यस्तो थप म्याद नदिएकोमा सो दफाको उपदफा (२) र (३) मा लेखिएको म्यादभित्र ठेकेदारले सो उपदफाहरुमा लेखिए बमोजिम नेपाल सरकारलाई बुझाउनपर्ने रुपैयाँनबुझाएमा वा सो दफाको उपदफा (५) बमोजिम धन जमानी दाखिल गर्न नसकेमा निजको ठेक्का तोडिने छ र त्यस सम्बन्धमा ठेकेदारले आफ्नो कबुलियत बमोजिमको काम नगरे सरह दफा २७ लागू हुनेछ ।

१३. <u>डिपोजिट जफत हुने:</u>ठेक्का बन्दोबस्त गर्नका लागि यस ऐन बमोजिम कुनै टेण्डर वा डाँक स्वीकृत भएकोमा सो टेण्डर दिने वा डाँक दिने वा डाँक बोल्ने व्यक्तिले तोकिए बमोजिमको म्यादभित्र चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ६ बमोजिम राखेको डिपोजिट जफत भै नेपाल सरकार लाग्नेछ ।

तर त्यस्तो व्यक्ति चलन पूर्जी लिन वा पट्टा उठाउन हाजिर हुँदा हुँदै पनि निजलाई त्यस्तो पूर्जी वा पट्टा दिइएको रहेनछ भने यस उपदफा बमोजिम निजको डिपोजिट जफत हुने छैन ।

*१४. <u>जमानत वा डिपोजिट लिने:</u>(१) किस्ताबन्दीमा कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा सो ठेक्का लिन कबुल गर्ने व्यक्तिबाट देहाय बमोजिम डिपोजिट लिएर मात्र ठेक्का बन्दोबस्त गर्नु पर्छ –

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(क) ठेक्का कबुल गर्ने व्यक्ति नेपाली नागरिक भएमा निजले बुझाउनुपर्ने जम्मा ठेक रुपैयाँको चार खण्डको एक खण्ड बराबर नेपाल [2].............. भित्रको अचल जाय जेथा वा राष्ट्रिय ऋणपत्रको जमानत वा नगद रुपैयाँडिपोजिट लिएर ।

(ख) ठेक्का कबुल गर्ने गैर नेपाली नागरिक भएमा निजले बुझाउनुपर्ने जम्मा ठेक रुपैयाँको तीन खण्डको एक खण्ड बराबर नेपाल [2]............. भित्रको अचल जाय जेथा वा ऋणपत्रको जमानत वा नगदी रुपैयाँडिपोजिट लिएर ।

(२) रकम बाहेक अरु कुनै कामको ठेक्का बन्दोबस्त गर्दा जमानत लिने दिने कुराका सम्बन्धमा नेपाल सरकार र ठेकेदारका बीचमा भएको शर्त बमोजिम हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि कुनै अचल सम्पत्तिको मूल्याङ्कन गर्दा कर अड्डाबाट सो सम्पत्तिको मूल्याङ्कन भएकोमा सोही बमोजिम र त्यस्तो मूल्याङ्कन नभएकोमा [◎]गाउँपालिका वा नगरपालिका मार्फत पञ्चकीर्ति मोल कायम गरी मूल्याङ्कन गरिनेछ ।

तर सो बमोजिम भएको मूल्याङ्कन ठीक छैन भन्ने लागेमा सो कुराको कारण सहितको पर्चा खडा गरी जमानत लिने कर्मचारीले थप जमानत माग्न सक्नेछ ।

(४) नेपाल सरकारका तर्फबाट बन्दोबस्त हुने कुनै ठेक्काको सम्बन्धमा कुनै सरकारी कर्मचारीलाई जमानत लिंदानिजले नेपाल सरकारबाट पाउने पारिश्रमिकको रुपैयाँकट्टा हुने गरी जमानी लिन हुँदैन ।

१५. पट्टा दिने र कबुलियत गराउनेः(१) यस ऐन बमोजिम नेपाल सरकारका तर्फबाट कसैलाई कुनै ठेक्का दिन स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना सो ठेक्का दिन स्वीकृत भएको व्यक्तिको नाममा जारी गर्नु पर्छ । तर ठेक्का दिने कुरा स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारी एउटा नभई पृथक पृथक भएमा ठेक्का लिने कुरा स्वीकृत भएको जनाउ ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारीले पाएपछि मात्र सूचना जारी गर्ने सात दिनको म्याद सुरु हुनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबुल बमोजिम कबुलियत गर्न नआएमा वा अर्को टेण्डर वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्छ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मन्जुर गरे ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारीले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्छ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मन्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो इत्यादि क्रमानुसार अरु टेण्डर वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(४) टेण्डर वा डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारी एउटै नभई पृथक पृथक भएमा ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारीले टेण्डर खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र टेण्डर वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने अड्डा, कार्यालय वा अधिकारीले जाहेर गर्नु पर्छ र त्यस्तो जाहेरी दाखिल भएको तीस दिनभित्र सो अड्डा, कार्यालय वा अधिकारीले पनि टेण्डर वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्छ । सो म्यादभित्र जाहेर नगरेको वा निकासा नदिएको कारणले नेपाल सरकारलाई कुनै हानि नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र जाहेर वा निकासा हुन नसकेको हो सो कर्मचारीबाट सो हानि नोक्सानी असुल उपर गरी लिइनेछ ।

१६. <u>पट्टा कबुलियतको प्रतिलिपि बही बुझ्ने अड्डामा पठाउने</u>:यस ऐन बमोजिम नेपाल सरकारको तर्फबाट बन्दोबस्त भएको ठेक्कामा ठेकेदारले कबुलियत गरी पट्टा उठाएको वा चलन पूर्जी लिएको सात दिनभित्र सो कबुलियत वा चलन पूर्जीको रीतपूर्वकको प्रतिलिपि आफ्नो बही बुझ्ने अड्डामा पठाउनु पर्छ ।

*१७. <u>ठेक्का तोड्न वा छोड्न नहुने</u>:पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नुपर्ने कुनै काम नगरेमा वा दफा १२क. बमोजिम ठेक्का तोडिएकोमा बाहेक यो ऐन बमोजिम पट्टा कबुलियत भैसकेपछि नेपाल सरकार र ठेकेदार दुबैको मन्जुरी बिना ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

१८. <u>साझा गरी वा संयुक्त रुपमा लिएको ठेक्काको दायित्वः</u>(१) कुनै ठेक्का बन्दोबस्त हुँदा दुई वा सो भन्दा बढी व्यक्तिहरु मिली साझामा ठेक्का लिएकोमा सो मध्ये कसैले सो ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै आफ्नो दायित्व समाप्त हुने गरी साझेदारीबाट अलग हुन पाउने छैन ।

(२) कुनै ठेक्का बन्दोबस्त हुँदा दुई वा सो भन्दा बढी व्यक्तिहरु मिली संयुक्त रुपमा ठेक्का लिएकोमा त्यस्तो व्यक्तिहरुको सो ठेक्का सम्बन्धी अधिकार र दायित्व निम्न लिखितानुसार हुनेछः–

(क) लिखत गरी सो ठेक्कामा त्यस्ता व्यक्तिहरुको हिस्सा निर्धारित गरिएको भए सो लिखतको दामासाही अनुसार, र

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(ख) त्यस्तो लिखत नभए बराबरीको दामासाही अनुसार ।

(३) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको लिनुपर्ने कुनै बाँकी बक्यौता सो खण्ड बमोजिमको दामासाहीले असुल गर्दा सो मध्ये कुनै व्यक्तिबाट असुल उपर हुन नसकेमा उपर नभए जति बाँकी सो मध्ये बाँकी व्यक्तिहरुबाट दामासाहीले असुल उपर गरिनेछ र सो बमोजिम दामासाही गर्दा पनि असुल उपर हुन नसकेमा अरु बाँकी व्यक्तिहरुबाट दामासाहीले असुल गर्दै गै पूरा असुल उपर नभएसम्म सोही बमोजिम कारबाही गर्दै जानु पर्छ ।

१९. जमानी हुने व्यक्तिको दायित्वः कुनै सरकारी ठेक्कामा आफूले बुझाउनुपर्ने रकम कुनै ठेकेदारले बुझाउन नसकी बाँकी लागेमा अन्य प्रचलित नेपाल कानून बमोजिम निजबाट असुल नभए जति बाँकी निजको जमानी हुनेबाट असुल उपर गरिनेछ ।

२०. एकाघर अंशियारको दायित्वः अंश नभै सगोलमा रहेको गोश्वारा धनबाट व्यवहार चलाउन प्रचलित नेपाल कानून बमोजिम अधिकार पाएका व्यक्तिले सो गोश्वारा धनबाट व्यहोर्ने गरी यस ऐन बमोजिम कुनै ठेक्का लिएको रहेछ भने त्यस्तो ठेक्का सम्बन्धी अधिकार र दायित्व प्रचलित कानून बमोजिम सबै अंशियारको हुनेछ ।

तर ठेक्का बन्दोबस्त हुँदा त्यसमा सरीक हुन मन्जुर भै ठेक्का लिइएकोमा त्यस्ता अंशियार बाहेक अरु अंशियारमध्ये कसैले सो ठेक्कामा सरीक हुन मन्जुर नभै पट्टा उठाएको वा चलन पूर्जी लिएको मितिले दुई महिनाभित्र सो कुराको लिखित सूचना ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारीलाई दिएमा सो ठेक्कामा निजको कुनै हक वा दायित्व रहने छैन ।

२१. भित्री तवरबाट ठेक्का लिने व्यक्तिको दायित्वः कुनै व्यक्तिले आफू देखा नपरी अर्को कुनै व्यक्तिलाई अघि सारी भित्री तवरबाट सरकारी ठेक्का लिन वा चलाउन हुँदैन । कसैले लिए वा चलाएमा निजलाई सो ठेक्कामा कबुल गरिएको जम्मा रुपैयाँको सयकडा दशका दरले जरिबाना गरी ठेक बाँकी भए निजबाट समेत असुल उपर गरिनेछ ।

२२. ठेकेदारले कटकेन्दार बन्दोबस्त गर्न सक्नेः (१) सरकारी ठेक्का लिने कुनै ठेकेदारले आफूले ठेक्का लिँदा भए गरेको शर्तहरुका अधीनमा रही आफ्नोतर्फबाट कटकेन्दार बन्दोबस्त गरी ठेक्का चलाउन हुन्छ र सो बमोजिम कटकेन्दार बन्दोबस्त गरेकोमा ठेकेदार र कटकेन्दारका बीचमा भएको पट्टा कबुलियत वा सो सम्बन्धी शर्तनामाको लिखितको एकप्रति रीतपूर्वकको नक्कल पन्ध्र दिनभित्र ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारी कहाँदाखिल गर्न वा पठाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम कटकेन्दार बन्दोबस्त गरी ठेक्का चलाउने कुनै ठेकेदारको मृत्यु भएमा सो ठेक्का सो कटकेन्दारलाई दिन नेपाल सरकार बाध्य हुने छैन ।

(३) उपदफा (१) बमोजिम कुनै ठेकेदारले कटकेन्दार बन्दोबस्त गरे तापनि सो ठेक्काका सम्बन्धमा नेपाल सरकार प्रति ठेकेदारको दायित्व समाप्त नभै पूर्ववत् कायम रहनेछ ।

२३. ठेक्काको अवधि भुक्तान नहुँदै ठेकेदारको मृत्यु भएमा वा ठेकेदारले ठेक्का तोडेमा वा छोडेमा ठेक्का बन्दोबस्त गर्ने:(१) सरकारी ठेक्का लिने कुनै ठेकेदार सो ठेक्काको अवधि भुक्तान नहुँदै मरेमा निजको हकदार वा धन जमानी हुने व्यक्तिले सो ठेक्का लिन्छु भनी तीस दिनभित्र ठेक्का बन्दोबस्त गर्ने अड्डा, कार्यालय वा अधिकारीका समक्ष दरखास्त दिएमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही बाँकी अवधिसम्मका लागि त्यस्ता दरखास्तवालालाई सो ठेक्का दिइनेछ ।

(२) उपदफा (१) बमोजिम ठेक्का पाउनका लागि हकदार र जमानी हुने व्यक्ति दुबैको दरखास्त परेमा हकदारलाई प्राथमिकता दिइनेछ ।

(३) ठेक्काको अवधि भुक्तान नहुँदै कुनै ठेकेदारले ठेक्का छोडे वा तोडेमा सो ठेकेदारको जमानी हुने व्यक्तिले साविककै शर्तमा सो ठेक्का लिन मन्जुर गरी पैंतीस दिनभित्र दरखास्त दिएमा सो ठेक्का निजैलाई दिइनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम जमानी लिने वा उपदफा (५) बमोजिम अरु कसैले ठेक्का पाएकोमा सो मिति पछिको सो ठेक्का सम्बन्धी काम कुरामा साबिक ठेकेदार वा निजको हकदारको कुनै अधिकार वा दायित्व हुने छैन ।

(५) उपदफा (१), (२) वा (३) बमोजिम ठेक्का पाउने अवस्थाको कुनै व्यक्तिले सो बमोजिम ठेक्का लिन दरखास्त नदिएमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमका अधीनमा रही सो बाँकी अवधिसम्मको लागि अर्को ठेकेदार बन्दोबस्त गर्न सकिनेछ ।

२४. अमानतबाट चलाउने:कुनै सरकारी रकम वा कामका सम्बन्धमा समयमै ठेक्का बन्दोबस्त हुन नसकेमा वा ठेक्का बन्दोबस्त भए तापनि ठेकेदार मरी वा भागी ठेक्का बमोजिमको काम हुन नसक्ने देखिएमा नेपाल सरकारले त्यस्तो ठेक्काको काम अमानतबाट चलाउन वा सम्बन्धित अड्डा, कार्यालय वा अधिकारीलाई सो बमोजिम चलाउन आदेश दिन सक्नेछ ।

२५. आफूले तिर्न परेको अर्काको हिस्साको रुपैयाँअसुल गर्ने:दफा १८ को उपदफा (३) बमोजिम कुनै व्यक्तिले अर्काको हिस्साको रुपैयाँबुझाएकोमा वा लिखत बमोजिम कटकेन्दारले तिर्न बुझाउनुपर्ने रुपैयाँनिजले नबुझाई दफा २२ को उपदफा (३) बमोजिम ठेकेदारले बुझाउनु परेकोमा वा जमानी हुने व्यक्तिबाट दफा १९ बमोजिम बाँकी बक्यौता असुल गरिएकोमा रुपैयाँबुझाउने दायित्व भएका त्यस्ता हिस्सेदार, कटकेन्दार वा ठेकेदारबाट क्रमशः सो रुपैयाँबुझाउने वा बाँकी तिर्ने हिस्सेदार, ठेकेदार वा जमानी हुने व्यक्तिले आफूले बुझाए जति अदालतबाट असुल उपर गराई लिन पाउँछ ।

२६. रकमको कानूनी बन्देज उल्लङ्घन गरेमा सजायः कसैले दफा ३ को उपदफा (२) वा (३) को बर्खिलाप हुने गरी कुनै काम कुरा गरेमा निजलाई अन्य प्रचलित नेपाल कानूनमा सजायको कुनै खास व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा बिगो भए बिगो समेत असुल गरी निजलाई सो बिगो बमोजिम जरिबाना र बिगो केही नभए पाँच सय रुपैयाँसम्म जरिबाना हुन्छ ।

२७. नोक्सानी बिगो भर्ने भराउनेः (१) कुनै ठेकेदारले आफूले गरेको कबुलियत बमोजिम काम नगरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छोडे वा तोडेमा त्यसबाट नेपाल सरकारलाई भएका नोक्सानी र नेपाल सरकारले ठेकेदारबाट लिनुपर्ने बाँकी र त्यसको दश प्रतिशत सुद समेत सो ठेकेदारले राखेको डिपोजिटबाट असुल नभए निज र निजको जमानी हुने व्यक्तिबाट कानून बमोजिम असुल उपर गरिनेछ ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नेपाल सरकारले सो बमोजिम असुल गर्नुपर्ने अङ्कमा मनासिब सम्झे जति अङ्क मिनाहा दिन सक्नेछ ।

(२) नेपाल सरकारले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीको कुनै शर्तको उल्लङ्घन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनु भन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानि नोक्सानी नेपाल सरकारले व्यहोर्नु पर्छ ।

📖२७क. गैर नेपाली नागरिक प्रमाणित भएमा सहुलियत नपाउनेः कसैले नेपाली नागरिक भनी ठेक्का लिएकोमा पछि गैर नेपाली नागरिक प्रमाणित भएमा निजले यो ऐन बमोजिम नेपाली नागरिकले पाएको सुबिधा पाउने छैन र प्रचलित नेपाल कानून बमोजिम त्यस्तो व्यक्तिले सजाय पाउने रहेछ भने त्यस्तो सजाय दिन समेत यस ऐनले बाधा पुऱ्याउने छैन ।

२८. जाहेरवालालाई छुटः (१) सरकारी ठेक्कामा चोरी, ढाँटी वा दबाई छिपाई खाने खुवाउनेहरुमध्ये कसैले सो कुराको पोल उजूर नपर्दै तोकिएको अधिकारीका समक्ष आफैं सो कुरा जाहेर गरेमा निज उपर यस ऐन बमोजिम कारबाही चलाइने वा सजाय गरिने छैन ।

तर निजबाट बिगो असुल गर्नुपर्ने रहेछ भने सो बिगो असुल गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) सरकारी ठेक्कामा चोरी, ढाँटी वा दबाई छिपाई खाए खुवाएको कुरा जाहेर गर्नेलाई प्रचलित नेपाल कानून बमोजिम कमिशन दिने व्यवस्था भएकोमा त्यस्तो कमिशनको आधा उपदफा (१) बमोजिमको जाहेरवालालाई पनि दिइनेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

२८क. 6.................

२९. अधिकार सुम्पने:यस ऐन बमोजिम आफूले पाएको अधिकार नेपाल सरकारले आवश्यकतानुसार आफ्ना मातहतका कुनै अड्डा, कार्यालय वा अधिकारीलाई सुम्पन सक्नेछ ।

३०. यो ऐन बमोजिम हुने:यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून र त्यस्तो कानूनका अधीनमा रही नेपाल सरकार र ठेकेदारका बीचमा भएको ठेक्का सम्बन्धी लिखत बमोजिम हुनेछ ।

३१. नियम बनाउने अधिकार:यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले आवश्यकतानुसार समय समयमा नियम बनाउन सक्नेछ ।

नेपाल कानून आयोग

---

6 अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा खारेज ।

द्रष्टव्य:केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:

"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।